# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

कुशे गाउँपालिका

जाजरकोट

२०८३

# गाउँसभाको बैठकमा मिति २०८३ असार १० गते सोमबार अध्यक्ष श्री हरिचन्द्र वस्नेतज्यूद्वारा प्रस्तुत

कुशे गाउँपालिका

**जाजरकोट**

कर्णाली प्रदेश

२०८३

कुशे गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गरिमामय गाउँसभाका सदस्यज्यूहरु र सम्पूर्ण कर्मचारी साथीहरु ! सर्वप्रथम कुशे गाउँपालिका, गाउँसभाको २० औं अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

नेपाली जनताले पटक-पटक गरेको लामो सङ्घर्ष र बलिदानको उपलब्धि स्वरूप जारी भएको नेपालको संविधान बमोजिम गठित कुशे गाउँपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा निर्वाचित भएपश्चात् नौ पटक कुशे गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । यस अवसरमा म सर्वप्रथम नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन, लोकतन्त्रको सशक्तीकरण र जेन्जि विद्रोहको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान व्यक्त गर्दछु । साथै स्थानीय सरकारको सबलिकरण र लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण गर्न सहयोग गर्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सम्मान तथा आभार व्यक्त गर्न चाहान्छु ।

समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८३/८४ को नीति तथा कार्यक्रम मार्फत समेट्ने प्रयास गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै दिगो र गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समुन्नत कुशे र सम्मानित कुशेबासी**को लक्ष्य हासील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारीता मार्फत विकास गर्न आवश्यक छ । हामी सामु सिमित स्रोत साधनले गाउँपालिका जनताका विकासका असिमित आवश्यकता र चाहानाहरु परिपूर्ति गर्न प्राप्त उपलब्धीको न्यायोचित वितरण, आर्थिक असमानताको अन्त्य, गरिवी न्यूनिकरण, शोषणरहित, सभ्य र समतामुलक समाज निर्माण गर्ने हाम्रो साझा संकल्प रहेको छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

स्थानीय सरकार आम जनताको घर आगनको सरकार हो । यही मर्मलाई ध्यानमा राखी जेष्ठ नागरिक एवम् अशक्त नागरिकहरुको सामाजिक सुरक्षा भत्ता उहाँहरुकै वडा वडामा वितरण गरिँदै आएको छ । यसै गरेर जेष्ठ नागरिकहरुमा नसर्ने रोगको परीक्षण घरघरमै गरिने व्यवस्था तथा आधारभूत औषधिको निःशुल्क व्यवस्था गरिएको छ । शिक्षा क्षेत्रको विकास नभै गाउँबासीको उत्थान नहुने भएको हुदाँ गाउँपालिका भित्रका विद्यालयहरुमा रिक्त दरबन्दी मिलान तथा पदपूर्ति गर्ने, विद्यार्थी संख्या न्यून रहेका विद्यालयहरु एक आपसमा समायोजन गर्दै जाने विद्यालयको भौतिक संरचनामा सुधार गर्ने कार्य विशेष प्राथमिकतामा छ ।यसका साथै कक्षा ८ मा एकीकृत परीक्षा प्राणाली लागू गरिएको छ ।

कुशे गाउँपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, पशुपन्छी, पर्यटन, जलस्रोत, व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । यसका लागि सार्वजनिक, नीजि र समुदायको समेत यस क्षेत्रमा लगानी केन्द्रित गर्नु हामी सबैको उतिकै दायित्व छ । गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन, किसानका समस्या समधान गर्न तथा कृषि उत्पादनलाई बढावा दिन वडास्तरमा कृषि तथा पशु प्राविधिक खटाइएको छ । पर्यटन मार्फत गाउँपालिकाको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्वका मठमन्दिर र स्थानहरुको संरक्षण र सम्बर्द्धन गर्नुका साथै आवश्यक पूर्वाधारको क्रमश: निर्माण तथा व्यवस्थापन गरिदै आइएको छ । गाउँपालिकाको सडक यातायातलाई सहज बनाउन र नागरिकलाई घर आगनसम्मै यातायात सुविधा विस्तार गर्नका लागि गाउँपालिकाभित्र नयाँ ट्र्याक खोल्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

**गाउँ सभाका सदस्यज्यूहरू,**

**"सुन्दर, शान्त र समृद्ध ठाउँ कुशे गाउँपालिकाको शानःविकासका पुर्वाधार निर्माण गर्ने हाम्रो अभियान"** को दीर्घकालीन सोच हासिल गर्ने अभियानमा समग्र कुशे गाउँपालिका क्रियाशील छ । नेपालको संविधान (२०७२) मा उल्लेखित मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिगदर्शन २०७८, १६ औं आवधिक योजनाका मुलभुत पक्षहरु, दीगो विकास लक्ष्य, अर्थमन्त्रालयको मार्गदर्शन, प्रथम गाउँ विकास आवधिक योजना, गाउँपालिकाले निर्माण गरेका ऐन तथा कार्यविधि, चालू आर्थिक वर्षको नीति तथा कार्यक्रमको निर्देशन र बजेट कार्यान्वयनबाट प्राप्त उपलब्धिको समीक्षा गर्दै आम नागरिकका भावना समेतलाई आत्मसात गरी विभन्न चरणको सहभागितामुलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**गाउँ सभाका सदस्यज्यूहरू,**

अब म कुशे गाउँपालिकालाई समावेशी, सुशासनयुक्त, सुरक्षित, स्वच्छ गाउँको रुपमा रुपान्तरण गर्दै तीव्र आर्थिक समृद्धि, सामाजिक न्याय, सेवा प्रवाहको गुणस्तर अभिबृद्धि, ऐतिहासिक सम्पदाको संरक्षण र दीगो विकास सुनिश्चित गर्ने लक्ष्यसहित आगामी आर्थिक वर्षका लागि प्रस्तावित नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## आर्थिक विकास

१. स्थानीय स्तरमै रोजगारीको अवसर सिर्जनाका लागि युवा लक्षित कृषि तथा गैर कृषि आयआर्जन मुलक कार्यक्रम सञ्चालन गरि एक वडा एक नमुना उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

२. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक खेती प्रणालीमा परिणत गरी स्वच्छ उत्पादन र अर्गानीक गाउँपालिका वनाउने कार्यक्रमलाई निरन्तरता दिइएको छ । स्थानीय मौलिक खेति प्रविधि र रैथाने बाली संरक्षणमा जोड दिइनेछ ।

३. सबै प्रकारका जमिनहरुको पूर्ण उपयोग गर्दै माटो र मौसम अनुकुलित खेति प्रणाली विकास गरिनेछ । खेतबारीका काल्लाहरुमा फलफूल खेति गरि फलफूल उत्पादनमा आत्मानिर्भर बनाउन विशेष जोड दिइनेछ ।

४. कृषि क्षेत्रमा पकेट तथा बलक कार्यक्रम मार्फत उच्च मूल्य (High Value) का बाली वस्तुको खेतीमा जोड दिइनेछ । यसका लागि मौसमी तथा बेमौसमी उन्नत जातका बिउ बिजन तथा प्रविधि वितरण मार्फत किसानहरुको आय स्तर वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. सुन्तला तथा ओखर खेतीको उच्च सम्भावनालाई मध्यनजर गर्दै LACC Project मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सुन्तला र ओखर खेतीको सम्भावित क्षेत्रमा सिँचाई पहुँच वृद्धि गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

६. कुशे गाउँपालिका भित्र उत्पादित कृषि उत्पादनलाई व्यवस्थित बजारीकण गर्न यस पालिकाको उपयुक्त स्थानमा संकलन केन्द्र स्थापना गरि कृषि वस्तुहरुमा मूल्य शृङ्खला (Value Chain) कायम गर्न पहल गरिनेछ ।

७. किसानहरुलाई कृषि कार्यमा थप उत्प्रेरित गर्न अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत नियमित रुपमा पशुपन्छीको औषधी उपचार सेवा, पशु बन्ध्याकरण, बाझोपन निवारण, विभिन्न रोग विरुद्धको खोप, आकस्मिक महामारी नियन्त्रण जस्ता कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ । साथै सेवाको पहुँचबाट टाढा रहेको क्षेत्रमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

९. स्थानिय स्तरमा छिटोछरितो तरिकाले विश्वासनिय रोग निदान सेवा प्रवाह गर्नको लागि आधारभुत प्रयोगशाला स्थापना गरी नमुना संकलन, परिक्षण तथा अन्वेषण गरिनुका साथै भेटेरनरी डिस्पेन्सरी सेवालाई थप प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।

१०. निर्वाहमुखी तथा परम्परागत पशुपन्छी पालनलाई आधुनिक बनाई दुध, मासु र अण्डामा आत्मानिर्भर बनाइनेछ ।

११. सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा किसान सूचीकरण गरी किसान परिचयपत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. कृषकहरुको लगानी सुरक्षा र जोखिम न्यूनीकरण गर्न कृषि तथा पशुपन्छी बिमा कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउन सम्बन्धित पक्षसँग समन्वय गरिनेछ ।

१३. **'समृद्ध कर्णाली: सुखारी कर्णालीबासी'** को नारा अन्तर्गत कुशेबासीलाई समृद्ध बनाउन भेडा पालन लगायतका पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

१४. गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत नयाँ लघु उद्यमीहरु उत्पादन गर्ने साथै सीप विकास तथा आर्यआर्जन गर्न मेड्पा मोडलमा तालिम, प्रशिक्षण तथा समूहमा प्रविधि हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५. सङ्घ र प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा भू- उपयोग योजना मार्फत गाउँपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१६. गाउँपालिका भित्रका मष्टो मन्दिर, पाथिभरा क्षेत्र तथा कुशे पाटन क्षेत्रको प्रर्याप्त प्रचारप्रसार गरि आन्तरिक पर्यटनको आकर्षक गन्तव्यका रुपमा विकास गर्दै लगिनेछ ।

१७. साहित्य, कला, सांस्कृतिक सम्पदा, लोकसङ्गीत, पुरातात्विक सम्पदाहरूको संरक्षण तथा जगेर्ना गरिनेछ ।

१८. रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम रोजगारीको अवसर प्रदान गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

१९. आप्रवासी कामदार तथा तिनीहरुका परिवारको अधिकार सुरक्षित गर्ने नीति लिइनेछ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार बोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरि सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नमा सहयोग गरिनेछ ।

२०. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदायस्तरमा नै प्रयाप्त आय र रोजगारीका अवसर सिर्जना गर्न कार्यक्रम ल्याइनेछ । उक्त अवसरमा वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदारहरुको पहुँच सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

२१. स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगरसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको विस्तार गरि आवश्यक सेवालाई एकीकृत रुपमा प्रवाह गरिनेछ ।

## सामाजिक विकास

२२. विद्यार्थीको श्रृजनशील सिकाईका लागि विद्यालयमा सिर्जनात्मक शुक्रबार (Creative Friday) कार्यक्रम सञ्चालन गरिनेछ । जस अन्तर्गत शुक्रबारलाई क्रमशः Book Less Friday का रुपमा विकास गरि अतिरिक्त क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ ।

२३. शिक्षामा समतामूलक पहुँच, समावेशीता, गुणस्तर अभिवृद्धि तथा सामुदायिक सहभागिता मार्फत दीगो शैक्षिक विकासमा योगदान पुऱ्याउन ACCESS परियोजनासँगको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. TECSAS परियोजनासँगको साझेदारी मार्फत विद्यार्थीको ज्ञान, सिप र क्षमता वृद्धि गर्नुका साथै विद्यालय शिक्षकको क्षमता विकास र सशक्तिकरण गर्न विद्यालय अनुगमनलाई जोड दिइनेछ ।

२५. कक्षा कोठामा शिक्षक विद्यार्थीको दैनिक उपस्थितिलाई वृद्धि गरी अधिकतम बिन्दुमा पुर्याउन **'मेरो हाजिरी, मेरो जिम्मेवारी'** कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

२६. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ मा राखिएका प्रावधानहरुको कार्यान्वयन र अनिवार्य तथा निःशुल्क शिक्षा प्रदायक कुशे गाउँपालिका घोषणा २०८०, को मर्म अनुसार कार्य गरिने र गाउँका विद्यालयमा भर्ना भइ शहरका विद्यालय तथा निजी विद्यालयमा पढ्न जाने परिपाटिलाई निरुत्साहित गरिनेछ ।

२७. विद्यालयमा सिकाई वातावरण सुधारको लागि परीक्षा तथा मूल्याँकन प्रणालीलाई सुधार गर्न विशेष गरी आधारभूत तहको कक्षा १-३ मा अध्ययनरत विद्यार्थीहरुका लागि प्रोटोफोलियो निर्माण गरि मूल्याङ्कन तथा कक्षा ५, ८, १० र १२ को परीक्षालाई स्वच्छ र मर्यादित गरिनुका साथै केन्द्र निर्धारण, कपि परीक्षण, प्रश्नपत्र निर्माण तथा मूल्याङ्कनलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

२८. विद्यालय, कक्षाकोठा, छाना, खानेपानी, शौचालय र बसाई व्यवस्थापन जस्ता पूर्वाधार विकासका माध्यमबाट गुणस्तरिय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरण सिर्जना गर्न विद्यालयमा स्मार्ट बोर्ड तथा डिजिटल माध्यमको प्रयोगलाई प्राथमिकता दिई **'विद्यालयको समृद्धि, पढाईमा प्रविधि'** को अवधारणालाई थप सशक्त बनाइनेछ ।

२९. शैक्षिक वातावरण सुधार गर्न अभिभावक शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन **'मेरो सन्तान, मेरो संलग्नता'** कार्यक्रमलाई विशेष महत्वका साथ अघि बढाइनेछ ।

३०. विद्यार्थीको समस्या बुझ्न तथा शिक्षा क्षेत्रको सूचना आदान प्रदान गर्न बालवालिकासँग **'अध्यक्ष, उपाध्यक्ष कार्यक्रम'** लाई निरन्तरता दिइनेछ ।

३१. बालबालिकामा पोषणको मात्रा प्रबर्द्धन गर्न, स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन WFP सँगको साझेदारीमा विद्यालयमा भान्सा घर निर्माण तथा स्टोर व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

३२. विद्यालयमा कमि भएका शिक्षक, बिषयगत शिक्षकको व्यवस्था र लामो बिदामा बसेका महिला शिक्षकको अनुपस्थितिमा हुन गएको पठन पाठनलाई पूर्ति गर्न बिगत देखि दिँइदै आएको शिक्षण सिकाइ अनुदानलाई निरन्तरता दिइनेछ ।

३३. गाउँपालिका रहेका सामुदायिक विद्यालयमा विद्यार्थी संख्या र शिक्षकको दरबन्दी तुलनात्मक रुपमा अध्ययन गरी विद्यालय भौतिक सर्भेक्षण नक्साङ्कन तथा समायोजन कार्यविधि अनुसार आवश्यकताका आधारमा विद्यालय मर्ज गरिदै लिइनेछ ।

३४. विद्यार्थीहरुलाई जीवन उपयोगी र व्यवहारीक शिक्षा प्रदान गर्नका लागि सुरु गरिएको स्थानीय पाठ्यक्रम कार्यक्रमलाई सबै विद्यालयमा अनिवार्य गरि थप व्यवस्थित गर्दै लगिनेछ ।

३५. 'गुणस्तरीय स्वास्थ्य सेवाः नागरिकको अपेक्षा' भन्ने मान्यताका आधारमा सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारमा सुधारका साथै समायानुकूल स्तरोन्नति गरि स्रोत साधन सम्पन्न बनाउँदै आधारभूत औषधिहरुको निःशुल्क र नियमित आपूर्तिको सुनिश्चितता गरिनेछ ।

३६. सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा कार्यक्रम संचालनमा ल्याई नागरिकहरुको आकस्मिक स्वास्थ्य सेवा पहुँचलाई सुनिश्चित गरिनेछ ।

३७. आरोग्य जीवनका लागि आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवम् वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तारका साथै योग ध्यान कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

३८. 'जेष्ठ तथा अशक्त नागरिकसँग गाउँपालिका अभियान' सञ्चालन गरी ज्येष्ठ नागरिकको घरमै स्वास्थ्य तथा परामर्श सेवा निःशुल्क उपलब्ध गराउने कार्यको थालनी गरिनेछ ।

३९. महिला सामुदायिक स्वास्थ्य स्वयमं सेविकालाई प्रदान गरिदै आएको प्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ ।

४०. आकस्मिक रुपमा आइपर्ने महामारी नियन्त्रण र रोकथाम गर्ने कार्यको लागि पूर्व तयारी गर्न उचित व्यवस्था गरिनेछ ।

४१. बर्थिङ्ग सेन्टरलाई व्यवस्थित गर्नुका साथै घुम्ती सेवा मार्फत गर्भवती महिलाहरुलाई भिडियो एक्सरे गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । वर्थिङ्ग सेन्टरमा कार्यरत कर्मचारीहरुको प्रोत्साहनका लागि विशेष व्यवस्था गरिनेछ ।

४२. दीर्घ रोगीहरुलाई दिइने मासिक रु. पाँच हजार उपचार खर्च सर्वसुलभ तरिकाले उपलब्ध गराइनेछ ।

४३. 'स्वस्थ आहार, स्वस्थ विचार, स्वस्थ व्यवहार' को मान्यतालाई ध्यानमा राख्दै स्वस्थ जीवनशैलीतर्फ प्रोत्साहनका लागि समुदाय स्तरमा सामाजिक परिचालनका माध्यमबाट स्वास्थ्य जागरण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. परिवर्तित जीवनशैलीका कारण तीव्र रुपमा उत्पन्न मानसिक स्वास्थ्य समस्या न्यूनीकरण गर्न मनोपरामर्श सेवालाई सञ्चालनमा ल्याइनेछ ।

४५. पोषण विशेष र संवेदनशिल कार्यक्रम सञ्चालन गरि सुनौला हजार दिनका आमा, किशोरी तथा बालबालिकाहरुको पोषण अवस्थामा सुधार गर्दै बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पूर्ण पोषणमैत्री पालिका बनाउने अभियान सञ्चालन गरिनेछ ।

४६. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) लाई स्थानीय शासन तथा विकास प्रक्रियामा मूल प्रवाहीकरण गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वार्षिक रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

४७. महिला तथा किशोरीहरुको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नेतृत्व विकास र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दै लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा सबै प्रकारका भेदभाव अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४८. आर्थिक रुपमा विपन्न महिलाहरु लक्षित **'उपाध्यक्ष महिला आय आर्जन तथा सीप विकास कार्यक्रम'** सञ्चालन गरिनेछ ।

४९. बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी बालबालिकाको संरक्षण, विकास सहभागीता तथा अधिकार सुनिश्चित गरि बालविवाह, बालश्रम, बालहिंसा, यौन दुर्व्यवहार, बेचविखन तथा ओसार पसार जस्ता जघन्य अपराधहरुलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. अपाङ्गता भएका विद्यार्थीहरुका लागि माध्यामिक शिक्षा, उच्च शिक्षा र प्राविधिक शिक्षाको लागि परिलक्षित (Forward Looking) परियोजना सँगको साझेदारीमा छात्रवृत्ति र शैक्षिक सामग्री सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका विद्यार्थीहरुलाई रोजगारी प्रर्द्धान गर्न On The Job र लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

५१. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सम्मान, संरक्षण तथा नीति निर्माण प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ । नेपाल रेडक्रस सोसाइटी लगायतका संस्थाहरुको समन्वयमा आँखा, कान तथा अपाङ्गता पहिचान शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ ।

५२. अन्तरपुस्ता सम्बाद, सम्मान तथा सामाजिक सद्भाव अभिवृद्धि गर्न जेष्ठ नागरिक सम्मान तथा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।

५३. ९० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरु तथा पूर्ण अशक्त भएका नागरिकहरुको सामाजिक सुरक्षा भत्ता नविकरण कार्य गर्न घुम्ति शिविर संचालन गरि घरदैलोबाटै सामाजिक सुरक्षा भत्ता नविकरण गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।

५४. बालमैत्री स्थानीय सरकार घोषणा गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

५५. न्यायिक कार्यलाई स्वच्छ, सक्षम, निष्पक्ष र प्रभावकारी रुपमा कार्यान्यनमा ल्याउन न्यायिक समितिका पदाधिकारीहरु र मेलमिलापकर्ताहरुलाई समय सापेक्ष क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५६. स्थानीय विवाद समाधानमा मेलमिलाप प्रक्रियालाई प्राथमिकता दिई न्याय निरुपण कार्यलाई छिटो, छरितो र पहुँचयोग्य बनाइनेछ ।

**गाउँ सभाका सदस्यहरू,**

## पूर्वाधार विकास

५७. मुल र सहायक सडक जोड्न अति आवश्यक स्थानमा मात्र सडकको नयाँ ट्र्याक खोल्ने नीति लिइनेछ । गाउँपालिका केन्द्रदेखि वडा कार्यालय तथा स्वास्थ्य संस्था जोड्ने सडक तथा अन्तरपालिका जोड्ने सडकहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरि बाह्रै महिना सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

५८. पूर्वाधार संरचना निर्माण गर्दा स्थानीय श्रम र निर्माण सामग्रीलाई उपयोग गर्ने नीति लिइनेछ । गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुमा समुदायको साझेदारीलाई थप मजबुत बनाइनेछ ।

५९. आ.ब. २०८२।०८३ मा सञ्चालित अधुरा आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरता दिई कार्य सम्पन्न गर्न जोड दिइनेछ ।

६०. भवन लगायतका भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी राष्ट्रिय भवन संहिता, अपाङ्गतामैत्री र भवन निर्माण मापदण्डको कडाइपूर्वक लागू गरिनेछ । नक्सा पास नगरी निर्माण भइरहेका भवनको अनिवार्य रूपमा अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

६१. **'हाम्रा पूर्वाधारः राम्रा पूर्वाधार'** को नीति बमोजिम गाउँपालिकाभित्र सञ्चालित पूर्वाधारहरुको गुणस्तर अभिवृद्धि गर्न अनुगमन तथा परीक्षणलाई विशेष प्राथमिकता दिइने छ ।

६२. विद्युत लाइन पुग्न बाँकी वस्तीहरूमा विद्युत लाइन विस्तारका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

६३. **'एक घर एक खानेपानी धारा'** को अभियानलाई निरन्तरता दिँदै थप विस्तार र व्यवस्थित गरिनेछ।

६४. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने सबै आयोजनाहरू सम्बन्धित उपभोक्ताहरूलाई हस्तान्तरण गरी मर्मत सम्भारमा जिम्मेवार बनाउने कार्यलाई थप व्यवस्थित गराइनेछ ।

६५. गाउँपालिका क्षेत्रभित्रको सञ्चार सेवालाई व्यवस्थित, गुणस्तरिय र प्रभावकारी बनाउन नेपाल टेलिकम र इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँगको सहकार्यमा व्यवस्थित र गुणस्तरीय बनाउनका आवश्यक पहल गरिनेछ ।

६६. विकास निर्माण र संरक्षणमा स्थानीय समुदायलाई सहभागी तथा जिम्मेवार बनाइनेछ ।

६७. सबै वडा कार्यालयका आफ्नै भवन निर्माण गरी सार्वजनिक सेवा प्रवाह गर्नको लागि उचित व्यवस्था मिलाइनेछ ।

६८. निर्माण सम्पन्न पूर्वाधारहरुको दीगो उपयोगको लागि पूर्वाधार आयोजनाहरुको नियमित मर्मत सम्भार गरि सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरू,**

## वन, वातावरण तथा विपद् व्यवस्थापन

६९. प्राकृतिक प्रकोप तथा विपद्लाई न्यूनीकरण गर्न स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरि आवश्यक रकम विनियोजन गरिनेछ ।

७०. **'स्वच्छ वातावरण, स्वच्छ जीवनः हरियाली कुशे हाम्रो अभियान'** कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा जलाधार क्षेत्र र पानीका मुहानहरूको संरक्षणका लागि डडेलो नियन्त्रण, सुख्खा डाँडा तथा खोला किनारमा वृक्षारोपण अभियान संचालन गरिनेछ ।

७१. फोहोरमैला व्यवस्थापन गर्न प्लास्टिकको झोला तथा प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. प्राकृतिक स्रोतहरुको दीगो व्यवस्थापन गर्न LACC Project मार्फत वन उपभोक्ता समूहहरुलाई क्षमता विकास तथा प्रर्वद्धनात्मक क्रियाकलाप सञ्चालन गरिने छ । वन क्षेत्रलाई आय आर्जनको स्रोतका रुपमा विकास गर्न कृषकहरुलाई कृषि वन (Agroforestry) सम्बन्धित क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. गैरकाष्ट वन पैदावारलाई आन्तरिक रोजगारीसँग आबद्ध गर्दै आन्तरिक राजश्वको स्रोतका रुपमा विकास गर्दै लगिनेछ ।

७४. जलवायु अनुकुल कृषि प्रविधिका माध्यमबाट जलवायु परिर्वतनका असरहरु न्यूनीकरण गर्न विशेष जोड दिइनेछ ।

७५. पहिरोको जोखिम रहेको क्षेत्रमा भूक्षय नियन्त्रण गर्न बायोइन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ।

७६. वातावरण अनुकूलित दीगो विकासको लागि कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्थालाई कडाइपूर्वक कार्यान्वयन गरिनेछ ।

७७. Group of Helping Hands (SAHAS) Nepal सँगको साझेदारीमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रणालीहरुको स्थापना, स्थानीय जलवायू अनुकूलन योजनाहरुको निर्माण तथा कार्यान्वयन मार्फत समुदायहरुलाई सम्भावित जलवायुजन्य जोखिम, विपद् तथा आकस्मिक

प्रभावहरुको सामना गर्न थप सक्षम र उत्थानशिल बनाउने गरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७८. विपद् पूर्व तयारी, उद्धार प्रणाली तथा प्रतिकार्य योजनाको सुदृढीकरण मार्फत विपद् व्यवस्थापनका कार्यहरू अगाडि बढाइनेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयन गरिनेछ ।

७९. सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा बारेकोट केन्द्रबिन्दु भएको भूकम्पबाट पूर्ण रुपमा नष्ट भएका, जोखिमपूर्ण अवस्थामा रहेका वा आंशिक रूपमा क्षति भएका घरहरुको प्रबलीकरण, पुर्ननिर्माण तथा पुर्नस्थापनाका कार्यहरुको सुरुवात गरिने छ ।

८०. खेतीयोग्य जमिनको कटान रोक्न तथा भूक्ष्यको जोखिम न्यूनीकरण गर्न जोखिम युक्त क्षेत्रको पहिचान गरि तटबन्ध निर्माण गर्ने कार्यको व्यवस्था मिलाइनेछ ।

८१. विभिन्न संघ, संस्था तथा विभिन्न तहका सरकारबीच समन्वयमा वातावरणीय शिक्षा सचेतना तथा सरसफाई अभियान सञ्चालन गर्ने ।

८२. कुशे गाउँपालिका बारेकोट गाउँपालिका र तातोपानी गाउँपालिकाको क्षेत्र समेटेर कुशे पाटन शिकार आरक्ष घोषणका लागि सम्भाव्यता अध्ययन भै सकेकोले संघीय सरकारसँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।

८३. सुधारिएको चुलो, सुधारिएको घट्ट तथा नवीकरणीय उर्जा प्रवर्द्धन गरी वातावरण संरक्षण तथा स्थानीय रोजगारीमा जोड दिइनेछ । जलवायु SMART विद्यालय, जनप्रतिनिधि, कर्मचारी, सामुदायिक संस्था तथा उपभोक्ता समितिको क्षमता विकासका लागि विभिन्न कार्यहरु गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरू,**

## <u>सुशासन तथा संस्थागत विकास</u>

८४. कुशे गाउँपालिकाको Local Governance Performance Assessment System (LGPAS) मा देखिएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

८५. गाउँपालिकाबाट सम्पादित कामकारबाही र प्रवाह गरिएका सेवाहरुको मासिक, त्रैमासिक, अर्धबार्षिक तथा वार्षिक विवरणहरुलाई अनलाईन मार्फत संग्रह तथा प्रतिवेदन गर्ने प्रणालीलाई व्यवस्थित गरिदै लगिनेछ ।

८६. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, तेस्रो पक्ष मूल्याङ्कन, नागरिक सन्तुष्टी सर्वेक्षण लगाएतका मूल्याङ्कन विधि मार्फत सेवा प्रवाहको मूल्याङ्कन गरी प्राप्त सुझावका आधारमा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

८७. गाउँपालिकाभित्रका जेष्ठ नागरिकहरुलाई सूचनाको पहुँच कायम गर्न जेष्ठनागरिक रेडियो कार्यक्रम सञ्चालन गरिने छ ।

८८. कार्यसम्पादनलाई परिणामुखी बनाउन सबै शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरी सूचकहरूको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

८९. कर्मचारीहरुको मनोबल तथा उत्प्रेरणा बढाउनको लागि LGPAS, कार्य सम्पादन सूचकाङ्क तथा कार्य सम्पादन करारको आधारमा दण्ड पुरस्कार प्रणाली अबलम्बन गरिनेछ ।

९०. गाउँपालिकाले प्रदान गर्ने सेवामा First Come, First Service(FCFS) को नीति अबलम्बन गरिनेछ । शारिरिक रुपमा अशक्त र जेष्ठ नागरिकहरुलाई विशेष व्यवस्था गरिनेछ ।

९१. आन्तरिक राजश्व अनुगमन, मूल्याङ्कन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजश्व परामर्श समितिको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. आगामी आर्थिक वर्षमा शुन्य बेरुजुको नीति अपनाउँदै सोही बमोजिम खर्च प्रणालीलाई अबलम्बन गर्दै लगिनेछ ।आ.ब. २०७४।०७५ देखि हालसम्मको बेरुजुको व्यवस्थित अभिलेख राखि बेरुजु फर्छ्यौट कार्यलाई प्राथमिकता दिइनेछ ।

९३. कार्यक्रम तथा आयोजनाहरुको खर्च लेख्नुभन्दा अगाडी पूर्व लेखापरीक्षण (Pre Audit) को व्यवस्था गरिनेछ ।

९४. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरि गाउँपालिकाको समग्र सेवा प्रवाह, विकास निर्माण तथा सुशासन प्रर्वद्वनलाई विश्वसनीय, भरपर्दो, छरितो र नागरिकमैत्री बनाइनेछ ।

९५. गाउँपालिकामा दर्ता भई वार्षिक रुपमा नवीकरण नभएका उद्योग, निजी फर्म र व्यवसायीहरूलाई नविकरण गराउन विशेष पहल गरिने छ । स्थानीय बजार अनुगमन कार्यविधिको तर्जुमा गरि निरन्तर रुपमा बजार अनुगमन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

९६. कर सङ्कलनको कार्यलाई सरल, सहज, सुलभ र करदातामैत्री बनाइनेछ।

९७. राजश्व सङ्कन गर्ने गाउँ कार्यपालिका कार्यालय र सोअन्तर्गतका निकायहरूको वार्षिक लक्ष्य निर्धारण गरी समयमै असुल गर्ने कार्यलाई प्राथमिकता दिई लागु गरिनेछ ।

९८. मुस्कानसहितको सार्वजनिक सेवा प्रवाह गाउँपालिकाको मुलभूत आदर्श हुनेछ ।

९९. करार सेवामा कार्यरत राष्ट्र सेवक कर्मचारीहरुलाई निजको कार्य सम्पादन र मूल्याङ्कनको आधारमा सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१००. न्यायीक समिति, वडाका मेलमिलाप केन्द्रका पदाधिकारी तथा स्थानीय अगुवाहरूका लागि न्यायिक सचेतना तथा कानुनी शिक्षा प्रदान गरिनेछ ।

१०१. कुशे गाउँपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी सङ्घ संस्थाहरूले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रूपमा गाउँ कार्यपालिकाबाट स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिनेछ।

**अन्त्यमा,**

प्रस्तावित नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट तथा कार्यक्रम यसै सभाबाट स्वीकृत भए बमोजिम हुने व्यहोरा जानकारी गराउँदै यो नीति तथा कार्यक्रममा महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने अग्रज व्यक्तित्वहरू, गाउँ कार्यपालिका र गाउँ सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, बुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोग, समन्वय र सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

**धन्यवाद !**

**१० असार, २०८३**

**नेपाल सम्वत् ११४६ तछलाध्व दशमी**

**हरिचन्द्र बस्नेत**

**अध्यक्ष**

**कुशे गाउँपालिका**